# सिन्दुरेटार सामुदायिक वन उपभोक्ता समूह

**कमलामाई न.पा.वडा नं.-०८, सिन्धुली**

**गोलीया काठ/दाउरा वोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

**पहिलो पटक प्रकाशित मिति ( २०८३/०३/०५)**

रुद्र कुमारी कार्की
अध्यक्ष

यस समूहको स्वीकृत वन कार्य योजना अनुसार यस समूहको सामुदायिक वन क्षेत्रवाट आ.व.२०८२/०८३ मा संकलन हुन आएका निम्न जातको गोलिया काठ /दाउरा हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी कायम भएको न्यूनतम् मूल्यांकन दरमा नघटाई सिलवन्दी वोलपत्र द्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । मू.अ.करमा दर्ता भएको स्थायी लेखा नम्बर प्राप्त तथा वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएको काठको कारोवार गर्ने उद्देश्य राखी दर्ता भएका उद्योगले यो सूचना आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०३/०५ मा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र बोलपत्र खरिद गरी निम्न रित पु-याई वोलपत्र पत्र दाखिला गर्न हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

| क.स. | लट नं. | जात | ग्रेड | थान | क्यू.फिट,चट्टा | प्रति क्यू.फि.,चट्टा दर | न्यूनतम मूल्य | जम्मा न्यूनतम मूल्य | जम्मा थान | जम्मा क्यू.फि. | घाटगद्दी स्थान | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | A | ७ | १००.४४ | १२५०।०० | १२५५५०।०० | ७७२७६१।०० | ६९ | ९००.२९ | समिति भवन अगाडी क.न.पा.८, करकरे | |
| | | साल | B | ३७ | ५६३.१८ | ९००।०० | ५०६८६२।०० | | | | | |
| | | साल | C | २४ | २३१.१६ | ६००।०० | १३८६९६।०० | | | | | |
| | | साल | D | १ | ५.५१ | ३००।०० | १६५३।०० | | | | | |
| २ | २ | साल | A | १० | १६०.१४ | १२५०।०० | २००१७५।०० | ७२२७७५।०० | ७४ | ७७३.१६ | | |
| | | साल | B | २८ | ३९०.०४ | ९००।०० | ३५१०३६।०० | | | | | |
| | | साल | C | ३२ | २०८.९० | ६००।०० | १२५३४०।०० | | | | | |
| | | साल | D | ४ | १४.०८ | ३००।०० | ४२२४।०० | | | | | |
| | | साल दाउरा चट्टा | | | ३.५० | १२०००।०० | ४२०००।०० | | | | | |

२.बोलपत्र फाराम रु.१०००।- तिरी (पछि फिर्ता नहुनेगरी)यस सामुदायिक वन उपभोक्ता समूह,डिभिजन वन कार्यालय, सिन्धुली वाट मिति २०८३/०३/०५ गते देखि २०८३/०३/२५ गते सम्म खरिद गर्न सकिनेछ ।

३. बोलपत्र दाखिला गर्नु पर्नै अन्तिम मिति र समय २०८३/०३/२६ गते दिनको १२:०० वजे माथि उल्लेखित २ वटै स्थानमा दाखिला गर्न सकिनेछ ।

४.बोलपत्र साथ कबोल गरेको रकमको १०(प्रतिशत) ले हुन आउने रकम धरौटी वापत यस समूहको एन.आई. एम. बी. वैंक, सिन्धुलीमा रहेको चल्ती हि.न. ०८८०१०५०२५७०७७ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस समूहले एन. एम. बी. वैंक, सिन्धुली वाट भुक्तानी पाउने गरी यस समूहको नाममा खिचिएको ड्राफ्ट समावेश गरी पेश गर्नुपर्ने छ ।

५.डिभिजन वन कार्यालय सिन्धुलीवाट विक्री तथा दाखिला भएका बोलपत्रहरु विक्री गर्ने डिभिजन वन कार्यालय, सिन्धुलीवाट अन्तिम मितिको भोलिपल्ट यस समूहबाट संकलन गरी सो को भोली पल्ट यस समूहको कार्यालयमा खोलिनेछ ।

६. लिलाम वढावढ हुने वन पैदावार माथी उल्लेखित घाटगद्धि भएको स्थानमा आई हेर्न सकिने छ ।

७. मू.अ.करमा दर्ता भएको स्थायी लेखा नम्बर प्राप्त तथा वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएको काठको कारोवार गर्ने उद्देश्य राखी दर्ता भएका स:मिल उद्योगले मात्र बोलपत्र खरिद गरी लिलाम प्रकृयामा भाग लिन पाउनेछ ।

८. रित पूर्वक माथि उल्लेखित कार्यालयहरुमा दाखिला हुन आएका बोलपत्रहरु यस समूहको कार्यालयमा , सम्वन्धित सव डिभिजन वन कार्यालय का प्रतिनिधि र बोलपत्रपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ ।

९. बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

१०. बोलपत्र केरमेट नगरी अंक र अक्षर दुवैमा भरि पेश गर्नु पर्ने छ । केर मेट भए गरेमा अक्षरमा लेखिएको सकार अंकलाई कायम गरिनेछ।

११. बोलपत्र दाताले बोलपत्र शिलवन्दी गरेको खामको वायां तर्फबाट नाम, ठेगाना लेखि फर्मको छाप समेत लगाई खामको दायां तर्फबाट अध्यक्षलाई सम्वोधन गरी साकार गर्ने लट नं. समेत उल्लेख गर्नु पर्ने छ ।

१२. म्याद नाघि रित नपु-याई वा शर्त राखी वा अन्य कुनै पनि तरिका वाट आएको बोलपत्र उपर कारवाहि गरिने छैन ।

१३. बोलपत्र दाखिला र खोलीने दिन विदा पर्न गएमा सो कार्य सो को भोलीपल्ट वा समूहको कार्यालय खुलेको दिनमा हुने छ ।

१४.लिलाम स्वीकृत भएको मितिले ४५ दिन भित्र साकार गरेको रकम, मूल्य अभिबृद्धि कर,सङ्कलन खर्च समेत वुझाई काठ/दाउरा उठाई लैजानु पर्ने छ । म्याद भित्र उक्त रकम

१५.वोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस समूहमा सुरक्षित रहने छ ।

१६.काठ/दाउरा संकलन, घाटगद्दी तथा ढुवानी खर्च वापतको रकम काठ/ क्यू.फिट रु ३०५।-र दाउरा/चट्टा रु ८८००।- को दरले छुट्टै जम्मा गर्नु पर्ने छ ।

१७.विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।